**साम्री त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मेहलमुडी, कालीकोट**
**कर्णाली प्रदेश, नेपाल**
**२०७३**


**पत्र संख्याः -२०८०/०८१** **चलानी नः- १२८०** **मितिः-२०८०/१२/०१**

नेपाल सम्वत् ११४४ चिल्लाथ्व,४ विहीवार

## पोषण सम्बन्धी आयमुलक कार्यक्रम संचालनका लागि प्रस्ताव गरिएको सूचना ।

(प्रथम पटक सुचना प्रकाशन मिति २०८०/१२/०१)

उपर्युक्त विषयमा बहुक्षेत्रीय पोषण कार्यक्रमको आ.व. २०८०/०८१ को स्विकृत बार्षिक कार्यक्रम(सशर्तअनुदान)अनुसार महिला,बालबालिका र किशोर,किशोरीहरुमा विद्यमान रहेको कुपोषणको अवस्था र दिगो विकासको लक्ष्य अनुरुप कुपोषणको समस्यालाई समाधान गर्न बहुक्षेत्रिय पोषणको अवधारणा अनुसार विपन्न अवस्थाका मातृशिशुको पोषण अवस्थामा सुधार ल्याउनका लागि विपन्न महिला सहकारी वा समुहलाई आयआर्जनका लागि रु ६,००,०००।-( अक्षेरुपि छ लाख मात्र) अनुदान प्रदान गर्ने उदेश्यले महिला सहकारी वा समुहमा बहुक्षेत्रिय पोषण योजना कार्यक्रम मार्गदर्शन २०७८" बमोजिम आयमुलक कार्यक्रम सञ्चालन गर्न इच्छुक महिला सहकारी वा समुहले अनुदानका लागि तपशिल बमोजिमका संलग्न कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन अर्थात २०८० चैत्र १५ गते भित्र यस कार्यालयमा प्रस्तावना पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरीएको छ।

तपशिलः

**(क) प्रस्ताव छनौटका आधारः**

१.स्थानीय तह भित्र रहेका दलित तथा जनजाती समुदायमा क्रियाशिल साबिक महिला बिकास कार्यक्रमबाट महिला सहकारी मध्ये सुनौलो हजार दिनका घर परिवारलाई फाईदा पुग्ने सहकारी तथा समुहलाई प्राथमिकता दिईने छ ।

२. सहकारीहरु नभएमा सोही प्रकृतीका महिला बिकास कार्यक्रमबाट प्रवर्द्धित महिला समुह,कृषक समुह वा स्वास्थ्य आमा समुह हुनु पर्नेछ।

३.स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरी ब्यवसाय संचालन गरिने प्रस्तावलाई पहिलो प्राथमिकतामा राखिने छ ।

४. बहुक्षेत्रिय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालन हुने प्रतिवद्धता भएका प्रस्तावलाई प्राथमिकता दिईने छ।

५. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धीत स्थानीय तह कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तहमा दर्ता भएको हुनु पर्ने छ।

**(ख)प्रस्ताव छनौटको मापदण्ड तथा संचालनः**

१.विपन्न समुदायका महिलाहरुको पुर्ण सहभागिता र नेतृत्वमा स्थानीय तह भित्र संचालनमा रहेका महिला सहकारी मध्येबाट कुनै एउटा सहकारी संस्था समुह छनौट गरिने छ ।

२.स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशिल नभएको अबस्थामा सहकारी निकाय,महिला बिकास कार्यक्रम,गरिवसंग बिशेश्वर कार्यक्रम ,स्थानीय बिकास कोष,स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ,नागरिक सचेतना केन्द्र, कृषि बिकास, पशु सेवा ,घरेलु बिकासको समन्वय र सहजीकरणमा संचालनमा रहेका महिला समुहलाई क्रमसः प्राथमिकता दिईने छ ।

३.महिला समुह समेत नभएको अबस्थामा बिकास साझेदार तथा गैर सहकारी संस्थाको सहजीकरणमा स्थापना भई बिगत २ बर्ष देखि क्रियाशिल रहेका महिला समुह मध्येबाट समेत छनौट गर्न सकिने छ ।

४.महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धीत स्थानीय तह कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तह वा वडा कार्यालयमा सुचिकृत भएको हुनु पर्ने छ ।

५ अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समुहले सामुदायिक वा ब्यक्तिगत रुपमा ब्यवसाय संचालनका क्रियाकलापहरु गर्ने ब्यवस्था मिलाउनु पर्ने छ ।

६.सरकारी निकायबाट हाल सम्म कुनै पनि अनुदान प्राप्त नगरेका सहकारी तथा समुहलाई प्राथमिकता दिईने छ ।

**पेश गर्नुपर्ने कागजातहरु**

१.प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तहमा कार्यक्षेत्र भएको हुनुपर्ने ।

२.संस्था दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।

३.आ व २०७९/०८० को अडिट रिपोर्ट साधारण सभा सम्पन्न भएको प्रमाण पत्रको प्रतिलिपि ।

४.आ व २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।



Scanned with CamScanner

पत्र संख्याः -२०८०/०८१ चलानी नः- १२८० मितिः-२०८०/१२/०१

५.सम्बन्धीत सहकारी वा महिला समुहको व्यक्ति छनौट सहितको बैठकको निर्णयको प्रतिलिपि,कार्य समितिको नागरिकताको प्रतिलिपि र कार्यक्रम संचालन प्रतिबद्धता पत्र ।

६.मार्गदर्शन अनुसार महिला सहकारी वा समुहमा अनुदान परिचालनका लागि उल्लेखित प्रस्ताव र व्यवसायिक योजना (कार्यबिधिको दफा ५ को उपदफा २ बमोजिम अनुसुची १ अनुसारको प्रस्ताव र कार्यबिधिको दफा ११ बमोजिम अनुसुची ४ अनुसारको ब्यवसायिक योजना)

७.सहकारी वा समुहमा अनुदान प्राप्त गर्ने २५ जना लक्षित व्यक्ति विपन्न परिवारका सुनौलो हजार दिनका आमाहरुको सो लगानी सहितको व्यवसायिक कार्ययोजना ।

८.सम्बन्धित वडा कार्यालयको सिफारिस र सहकारी र समुहको निवेदन ।

९.कार्यबिधिको दफा ९ को उपदफा ३ बमोजिम महिला समुहको हकमा एक बर्ष भित्र सहकारीमा रुपान्तरण हुने वा उक्त क्षेमा कुनै आयआर्जन संग सम्बन्धीत सहकारी भएको खण्डमा सोही सहकारीमा समाहित हुने प्रतिबद्धता पत्र ।

१०.आवेदनको ढाँचा लगायत अनुसुचीहरु यस गाउँपालिकाको वेवसाईटः www.sannitrivenimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

(नोटः हाल सम्म कुनै संघ संस्थाबाट अनुदान प्राप्त नभएका सहकारी वा समुहलाई प्राथमिकता दिईने छ । साथै थप जानकारीका लागी यस गाउँपालिकाका पोषण सहजकर्ता श्री सुस्मिता कुमारी शाही सम्पर्क नं ९८४३२८२५२७ मा गर्नुहोला ।)

मोहनराज सुवेदी
नि. प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

अनुसूची १

दफा ५ को उपदफा २ सँग सम्बन्धित

प्रस्तावको ढाँचा

सहकारी वा समूहको नाम :

ठेगाना :

दर्ताभएको मिति : दर्ता भएको कार्यालय : दर्ता नं :

सहकारी वा समूहको भौगोलिक क्षेत्र /कार्यक्षेत्र :

सहकारी वा समूहको प्रकृति :

सहकारी वा समूह सदस्य संख्या :

कार्यसमिति सदस्यको विवरण :

सहकारी वा समूहको गत ३ आर्थिक वर्षको आयव्ययको विवरण :

सहकारी वा समूहको कार्यक्षेत्र भित्रका जनसाङखिक विवरण :

सहकारी वा समूहको कार्यक्षेत्र भित्रका खाद्य सुरक्षाको अवस्था विवरण :

अनुदानबाट लाभ पाउने अनुमानित विवरण :

| क्र.सं. | लगानीको क्षेत्र | संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | |
| १. | तरकारी खेती | संख्या | जम्मा | | |
| २. | बाखापालन | | | | |
| ३. | जडिबुटी उत्पादन, प्रशोधन | | | | |
| ४. | स्थानीय खाद्य उत्पादन, प्रशोधन | | | | |
| ५. | कुखुरा पालन | | | | |
| ६. | अन्य | | | | |
| जम्मा | | | | | |

प्रस्तावित बजेट : हस्ताक्षर

हस्ताक्षर : नाम :

Scanned with CamScanner